नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः २०७६/०७७
चलानी नं. ५८३

(शाखाः आन्तरिक तथा आर्थिक प्रशाशन)

मितिः २०७६।१२।२३

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

**विषय :- जानकारी सम्बन्धमा ।**

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सवै) ।**

उपर्युक्त विषयमा कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचारको सहयोगार्थ राष्ट्रिय वाणिज्य बैंकमा रहेको **कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषको खाता नं. १९६०००००११०१ मा** निजामती कर्मचारीहरुले शुरु तलव स्केल बाट रकम जम्मा गर्ने सम्बन्धि मिति २०७६।१२।११ को मुख्य सचिव स्तरबाट भएको निर्णय यसै साथ संलग्न गरी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.............................

निरज के.सी.

उप महालेखा नियन्त्रक

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

निर्णयः

१. कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचारको सहयोगार्थ राष्ट्रिय बाणिज्य बैंकमा रहेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषको खाता नं. १९६०००००११०१ मा निजामती कर्मचारीहरुले देहाय अनुसारको रकम सहायता कोषमा जम्मा गर्ने ।

(क) रा.प. विशिष्ट र प्रथम श्रेणीका कर्मचारीहरुका लागि शुरु तलब स्केलको ७ दिनको तलब बराबरको रकम

(ख) रा.प. द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरुका लागि शुरु तलब स्केलको ५ दिनको तलब बराबरको रकम

(ग) रा.प. अनंकित र श्रेणीबिहीन कर्मचारीहरुका लागि शुरु तलब स्केलको ३ दिनको तलब बराबरको रकम

२. नेपाल सरकारको मिति २०७६/१२/०९ को निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार जारी भएको आदेशलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२०७६/१२/११

मुख्य सचिव